# छैठौं वार्षिक प्रतिवेदन

## 6th ANNUAL REPORT

आ.व. २०७४/०७५



एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

NMB MICROFINANCE BITTIYA SANSTHA LIMITED

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

www.nmbmicrofinance.com

# Board of Director



**Uttam Bhlon**
Chairman



**Govind Ghimire**
Director



**Romani Pd. Pathak**
Director



**Dinesh Dulal**
Director



**Ram Gopal Parajuli**
Director



**Mim Bahadur Hamal**
Director



**Achyut Dutta Pandey**
Professional Director



**Govinda Banstola**
Company Secretary

# बिषय सूची


| क्र.स. | बिषय | पेज नं. |
|---|---|---|
| १ | छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना | १ |
| २ | प्रतिनिधि (प्रोक्सी) फारम | ३ |
| ३ | सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन | ४ |
| ४ | स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन | ११ |
| ५ | वासलात | १३ |
| ६ | नाफा नोक्सान हिसाव | १४ |
| ७ | नाफा नोक्सान बाँडफाँड हिसाव | १५ |
| ८ | नगद प्रवाह विवरण | १६ |
| ९१० | इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण | १७ |
| ११ | वित्तीय विवरणहरु संग सम्बन्धीत अनुसूचीहरु | १८-३२ |
| १२ | प्रमुख लेखा नीतिहरु | ३३-३६ |
| १३ | लेखा सम्बन्धी टिप्पणीहरु | ३७-४३ |
| १४ | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची-१५ | ४६ |
| १५ | विशेष प्रस्तावको रुपमा पेश भएको प्रबन्धपत्र तथा नियमावली तर्फको संशोधन | ४७ |
| १६ | बैंकको वित्तीय विवरण प्रकाशन गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति पत्र र सो उपर व्यवस्थापनको प्रतिक्रिया | ४९ |

**एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड**
**केन्द्रीय कार्यालय पोखरा-२५, हेम्जा, कास्की**
**फोन नं. ०६१-४००४२७/४७७ फ्याक्स :०६१-४००४२८**

# छैठौं वार्षिक साधारण सभाको सूचना

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्थाको मिति २०७५/०९/०७ गते शनिवार बसेको सञ्चालक समितिको ७९औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको छैठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. साधारण सभा हुने मिति, स्थान र समय :**

मिति : २०७५ साल पौष महिना २९ गते, आइतवार (तदनुसार १३ जनवरी, २०१९),

स्थान : ह्वाइट हाउस पार्टी प्यालेस, पोखरा, कास्की ।

समय : बिहानको ११:०० बजे

**२. छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७४/०७५ को छैठौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाव, सोहि अवधिको नगद प्रवाह विवरण र सम्वन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,

३. आ.व. २०७५/०७६ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा,

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७४/०७५ को मुनाफाबाट हाल कायम चुक्ता पूँजीको ०.७८९४७४ (शुन्य दशमलव सात आठ नौ चार सात चार) प्रतिशतका दरले रु. ११,१२,१७१.०० नगद लाभांश (बोनस शेयरको कर प्रयोजनको लागि मात्र) पारित गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७५ आषाढ मसान्त सम्मको चुक्ता पूँजी रु. १४,०८,७५,०००.०० को १५ प्रतिशतका दरले हुने रु. २,११,३१,२५०.०० (अक्षरुपी दुई करोड एघार लाख एकतिस हजार दुई सय पचास मात्र) बराबरको बोनश शेयर जारी तथा वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा,

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनस शेयर जारी गरे पश्चात कायम हुने कुल चुक्ता पुँजी रु. १६,२०,०६,२५०.०० मात्र को १:१.५ दरले हकप्रद शेयर जारी गरी लघुवित्त बित्तीय संस्थाको कुल चुक्ता पुँजी वृद्धि गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा । यसरी हकप्रद शेयर जारी गर्दा हकप्रद शेयर वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा शेयरधनीबाट नपुग रकम समेत लिई दरखास्त लिने र त्यसो गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा नेपाल धितोपत्र बोर्डमा थप धितोपत्र दर्ता गराई कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गराउनकालागि सभाबाट स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

३. बोनस शेयर तथा हकप्रद शेयर जारी गरे पश्चात वित्तीय संस्थाको वर्तमान जारी तथा चुक्ता पूंजीमा वृद्धि हुने भएकोले साही बमोजिम जारी तथा चुक्ता पूँजी बृद्धि गरी वित्तीय संस्थाको प्रवन्धपत्रमा आवश्यक संशोधन गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा,

४. वित्तीय संस्थाको नाम "एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड" लाई परिवर्तन गरी "एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड" बनाउने तथा वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीको विभिन्न दफा तथा नियमहरुमा "एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड" वा "माईक्रोफाईनान्स" भन्ने शब्द प्रयोग भएकोमा सो को स्थानमा "एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड" वा लघुबित्त भनी संशोधन गर्ने सम्बन्धमा,

५. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा माथि प्रस्ताव गरिए बमोजिम आवश्यक संशोधन गर्ने सम्बन्धमा,

६. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन भएमा सो अनुरुप गर्नका लागि सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने सम्बन्धमा,

७. विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

## छैठौं वार्षिक साधारण सभा सम्वन्धी थप जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिला खारेजी २०७५ साल पौष १५ गतेदेखि पौष २९ गते सम्म बन्द रहनेछ। साथै मिति २०७५ पौष १२ गते सम्म नेपाल स्टक एक्सचेन्जमा कारोबार भई ७ कार्य दिन भित्र नामसारी भएका शेयरधनी साधारण सभाको लागि योग्य हुनेछन।

२. शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिमा कायम शेयरधनी महानुभावहरुको ठेगानामा वार्षिक साधारण सभाको सूचना, संक्षिप्त आर्थिक विवरण, प्रोक्सी फारम र प्रवेश पत्र पठाईने छ। कुनै शेयरधनी महानुभावहरुले कुनै कारणवश उपरोक्त सूचना नपाउनु भएमा यसै सूचनालाई आधार मानी आफ्नो कुनै एक सक्कल शेयर प्रमाणपत्र वा आफ्नो कुनै परिचय खुल्ने प्रमाणपत्र साथमा लिई सभामा भाग लिन आउनुहुन अनुरोध गर्दछौं।

३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीहरुले वार्षिक प्रतिवेदनका साथ संलग्न प्रवेशपत्र वा शेयरको प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने प्रमाणपत्र र सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ।

४. वार्षिक साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिती पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी उपस्थिती पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ।

५. वार्षिक साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा हुनु भन्दा ४८ घण्टा अगावै वित्तिय संस्थाको केन्द्रीय कार्यालय पोखरा २५ हेम्जा, कास्कीमा दर्ता गराई सक्नु पर्नेछ।

६. प्रतिनिधि नियुक्त गर्दा वित्तीय संस्थाको शेयरधनीलाई नै गर्नु पर्नेछ। कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफु स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वत रद्द भएको मानिनेछ।

७. नावालक वा विक्षिप्त शेयरधनीहरुको हकमा वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ। संयुक्त रुपमा शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मत रुपमा मनोनित प्रतिनिधिले वा सो वमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिल्यै नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन पाउने छ।

८. शेयरधनीहरुवाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछ।

९. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्वन्धमा केहि जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।

१०. साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीहरुले साधारण सभासँग सम्बन्धित कागजात बाहेकका कुनै झोला, पोका वा अन्य निषेधित सामाग्री नलिई आउनुहुन अनुरोध गरिएको छ।

**द्रष्टव्य** : वित्तीय संस्थाको वार्षिक प्रतिवेदन वित्तीय संस्थाको केन्द्रीय कार्यालयवाट प्राप्त गर्न सक्नुहुनेछ। साथै उक्त प्रतिवेदन शेयरधनी महानुभावहरुको सुविधाको लागि वित्तीय संस्थाको वेवसाइट www.nmbmicrofinance.com मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउछौं।

# प्रतिनिधि (प्रोक्सी) फारम

श्री सञ्चालक समिति

एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

पोखरा-२५ हेम्जा, कास्की ।

**विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।**

महोदय,

........................जिल्ला........................................ न.पा./गा.वि.स. वडा नं. ...... बस्ने म/हामी ........................................ ले त्यस कम्पनीको शेयरधनिको हैसियतले मिति २०७५ साल पौष महिनाको २९ गते आइतबारका दिन हुने वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नको लागि ..............................जिल्ला............................ .................. न.पा./गा.वि.स. वडा नं. .... बस्ने त्यस कम्पनीका शेयरधनी श्री ........................................ शेयरधनी नं. .................. लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/छौं ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको -**

दस्तखतको नमूना

नाम :

शेयरधनी भए शेयरधनी प्रमाणपत्र नं. :

शेयरधनी नभए नागरिकताको प्रमाणपत्र नं. :

मिति :

**निवेदकको -**

दस्तखत :

नाम थर :

ठेगाना :

शेयर प्रमाणपत्र नं.:

शेयर संख्या :

**द्रष्टव्य :** यो निवेदन साधारण सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै वित्तीय सस्थाको रजिष्टर्ड कार्यालयमा पेश गरीसक्नु पर्नेछ । एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ ।

---

**एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड**

**पोखरा-२५ हेम्जा, कास्की ।**

**छैठौ वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको**

**प्रवेश-पत्र**

शेयरधनी श्री .................................................... (शेयर प्र.प. नं. .............................. शेयरधनी परिचय नं. ............................ कूल शेयर सख्या : ........................) लाई सभामा प्रवेश गर्न अनुमति प्रदान गरिएको छ ।

.........................

शेयरधनीको दस्तखत

कम्पनी सचिव

(सभामा भाग लिन आउंदा यो प्रवेश पत्रमा शेयरधनीको नाम, दस्तखत, शेयरको प्रमाणपत्र नं., शेयर संख्या तथा शेयरधनी परिचयपत्र नं. अनिवार्य रुपमा उल्लेख गरी आफ्नो परिचयपत्र साथै लिई आउनु पर्नेछ ।)

# एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

## छैठौं वार्षिक सशाधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको छैठौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, विभिन्न संघ संस्था तथा कार्यालयबाट प्रतिनिधित्व गरी पाल्नु भएका महानुभावहरु, पत्रकार एवं अन्य अतिथिगणहरुमा वित्तीय संस्थाको सञ्चालक समितिको तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं अभिवादन गर्दछु । यस अवसरमा यहाँहरू समक्ष वित्तीय संस्थाको छैठौं वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाँउदा ज्यादै खुशी लागेको छ । लघुवित्त कार्यक्रम मार्फत हिमाली तथा उच्च पहाडी क्षेत्रका विपन्न वर्गको जीवनस्तरमा आर्थिक तथा सामाजिक रुपमा सवल वनाउने उद्देश्यका साथ २०६९ सालमा स्थापित यस वित्तीय संस्थाले आफ्नो लक्ष्य अनुरुपको सफलता प्राप्त गर्दै आएको कुरा सगौरव प्रस्तुत गर्न चाहान्छु । अब म यस साधारण सभाको अवसरमा यहाँहरु समक्ष २०७५ आषाढ मसान्त सम्म वित्तिय संस्थाले हासिल गरेका उपलब्धी तथा वित्तीय संस्थाको वासलात, आर्थिक वर्ष २०७४/७५ को नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तनको विवरण, नगद प्रवाह विवरण तथा संलग्न अनुसूचीहरू स्वीकृतिका लागि यस गरिमामय साधारण सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

### (क) विगत वर्षको कारोबारको सिंहावलोकन

यस वित्तीय संस्थाले २०६९ चैत्र देखि लघुवित्त कार्यक्रम सञ्चालन गरी विपन्न परिवारको घरदैलोसम्म पुगेर समावेशी लघुवित्त सेवा प्रदान गर्दै उनीहरुको जीवनस्तर उकास्ने कार्यमा अनवरत रुपमा प्रयासरत रहेको छ । आ.व. २०७४/०७५ को अन्त्य सम्ममा वित्तीय संस्थाले कास्की, लमजुङ, स्याङ्जा, तनहुं, नवलपरासी, रुपन्देही, पाल्पा, कपिलवस्तु, पर्वत, म्याग्दी, मनाङ, मुस्ताङ, दाङ्ग, बांके, बर्दीया, सुर्खेत, कैलाली, कञ्चनपुर, रुकुम, गोर्खा, धादिङ्ग, चितवन, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, ओखलढुङ्गा, महोत्तरी,धनुषा, सोलुखुम्बु, खोटाङ्ग, उदयपुर, सिराहा, संखुवासभा, भोजपुर, सप्तरी, ताप्लेजुङ्ग, तेह्रथुम, पांचथर, धनकुटा, सुनसरी, मोरङ्ग र इलाम गरी ४५ वटा जिल्लामा बसोबास गर्ने ७८,४१६ विपन्न परिवारलाई ७५ वटा शाखा कार्यालय (५ वटा उपशाखा समेत) मार्फत लघुवित्त सेवा प्रदान गर्दै आएको छ ।

आर्थिक वर्ष २०७४/०७५का केही मुख्य उपलब्धिहरु यस प्रकार रहेका थिए :-

१. शेयर पूंजी : नेपाल राष्ट्र बैंकको निर्देशनमा व्यवस्था भए बमोजिम राष्ट्रियस्तरको लघुवित्त संस्था हुनलाई आवश्यक पर्ने चुक्ता पुँजी रु. १० करोड तोकेकोमा यस वित्तीय संस्थाको २०७५ आषाढ मसान्त सम्ममा संस्थापकको तर्फबाट रु. ९ करोड ८६ लाख १२ हजार ५ सय र सर्वसाधारणको तर्फबाट रु. ४ करोड २२ लाख ६२ हजार ५ सय गरी जम्मा चुक्ता पूँजी रु १४ करोड ८ लाख ७५ हजार रहेको छ ।

२. शाखा विस्तार : वित्तीय संस्थाले अघिल्लो आर्थिक वर्ष २०७३/७४ मा ३३ वटा जिल्लामा ६७ वटा शाखा मार्फत सेवा दिइरहेकोमा यस आर्थिक बर्ष २०७४/७५ मा थप ८ वटा गरी जम्मा ४५ वटा जिल्लामा ७० वटा शाखा तथा ५ वटा उपशाखा गरी जम्मा ७५ वटा कार्यालयबाट सेवा विस्तार गरिएको छ ।

३. मुनाफा तथा वोनश शेयर : वित्तीय संस्थाले यस अवधिमा रु.३,२७,०६,४१२- (अक्षरेपि तिन करोड सत्ताइस लाख छ हजार चार सय बाह्र रुपैयां) (कर पछिको) खुद मुनाफा आर्जन गर्न सफल भई चुक्तापुंजीको १५ प्रतिशतले हुन आउने रकमलाई वोनश शेयरको रुपमा र वोनश शेयर वापत लाग्ने कर प्रयोजनको लागि आवश्यक रकम नगद लाभांश वितरण गर्न सक्षम भएको छ ।

यस वित्तीय संस्थाले विगत ५ आर्थिक वर्षहरुमा हासिल गरेका उपलब्धीका मुख्य सुचकाङ्कहरु देहाय बमोजिम रहेका छन् ।

| विवरण | आ.व. २०७०/७१ | आ.व. २०७१/७२ | आ.व. २०७२/७३ | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ |
|---|---|---|---|---|---|
| जिल्ला संख्या | ११ | १५ | १९ | ३७ | ४५ |
| शाखा/उपशाखा संख्या | १४ | २६ | ३३ | ६७ | ७५ |
| केन्द्र संख्या | ५५६ | १,३७० | २,५०९ | ४,०७९ | ५,९४१ |
| सदस्य संख्या | ७,४६८ | १८,७९१ | ३६,१८३ | ५८,०८१ | ७८,४१६ |
| लगानीमा रहेको रकम (रु. हजारमा) | १८१,६८१ | ४४८,१६५ | ९४१,९९७ | १,८२६,७६५ | २,२२४,७२२ |
| बचत रकम (रु. हजारमा) | ३१,५६५ | ८४,८०६ | १९२,७३५ | ४०४,१७२ | ६९६,५२९ |
| चुक्ता पुंजी (रु. हजारमा) | १४,००० | ४०,००० | ४६,००० | ११२,७०० | १४०,८७५ |
| खुद मुनाफा (रु. हजारमा) | ३१० | १०,७३९ | २९,८६४ | ४५,४०३ | ३२,७०६ |

### (ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई परेको असर

नयाँ लघुवित्त वित्तीय संस्थाहरुले इजाजत पाउने क्रम जारिरहेको हुँदा लघुवित्त वित्तीय संस्थाहरु बिचमा अस्वस्थ प्रतिस्पर्धा बढ्दै गएकोले ग्राहकहरुलाई बहु वित्तीयकरण तथा अधिक ऋण प्रवाह हुन गइ कर्जा अशुली समस्या बृद्धि हुँदै गएकोले कर्जा गुणस्तर कायम गर्न तथा जोखिम व्यवस्थापन गर्न चुनौती बढ्दै गएको छ । साथै वित्त बजारमा समय समयमा देखापर्ने तरलता सम्वन्धि समस्याको कारण लघुवित्त वित्तीय संस्थालाई आवश्यक श्रोतको व्यवस्थापनमा समस्या हुने गरेको छ । विध्यमान चुनौतीहरुलाइ न्यूनिकरण गर्नको लागि समयानुकुल उपायहरु अवलम्वन गरी संस्थाको जोखिम कम गर्न सञ्चालक समिति तथा व्यवस्थापन समिति अहोरात्र खटी रहेको छ ।

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु आर्थिक वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने विषयका सम्बन्धमा सञ्चालक समितिको धारणा**

१. उपलब्धिको विवरण :

१.१ चालु आर्थिक वर्ष २०७५/७६ को श्रावण महिनादेखि बैतडी, दार्चुला, बझाङ्ग, जुम्ला र दैलेख गरी ५ वटा जिल्लामा थप ९ वटा शाखाहरु सञ्चालनमा आएका छन् ।

वित्तीय संस्थाको चालु आ.व.को आश्विन मसान्तसम्मको वित्तीय विवरण अनुसारको कारोबारमा भएको उपलब्धीको विवरण देहाय बमोजिम रहेको छ :

| क्र.सं. | विवरण | आ.व. २०७४/७५ को आषाढ मसान्त सम्मको | चालु आ.व. २०७५/७६ को मंसिर मसान्त सम्मको |
|---|---|---|---|
| १ | जिल्ला संख्या | ४५ | ५४ |
| २ | शाखा तथा उपशाखा संख्या | ७५ | १०० |
| ३ | केन्द्र संख्या | ५,९४१ | ६,४६९ |
| ४ | सदस्य संख्या | ७८,४१६ | ८४,३४२ |
| ५ | लगानीमा रहेको रकम (रु.) | २,२२४,७२२,४२३ | २,४४,०७,८५,०१० |
| ६ | बचत रकम (रु.) | ६९६,५२८,६५३ | ८१,७४,१९,५४६ |

१.२ यस अवधिमा वित्तीय संस्थाले सक्षम यु. के. एड. र उन्नती युनसिडिएफसँगको सहकार्यमा वित्तीय साक्षरता सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्नुका साथै विनरक इन्टरनेशनल र आर्क फाइनान्ससँगको सहकार्यमा ग्राहकहरुलाई र वित्तीय संस्थाका कर्मचारीलाई वैकल्पिक उर्जा सम्वन्धी तालिम प्रदान गरी स्थानीय स्तरसम्म वैकल्पिक उर्जाको महत्व बुझाउन सकिने वातावरण तयार गरेको छ ।

१.३ यस अवधिमा वित्तीय संस्थाले विभिन्न चरणमा तहगत रुपमा फिल्ड कर्मचारी, शाखा प्रमुख तथा केन्दीय कार्यालयका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि सम्वन्धी तालिम प्रदान गरेको छ ।

१.४ वित्तीय संस्थाले आफ्ना सदस्यहरुको लागि निशुल्क S.M.S. Notification सेवा प्रविधिको प्रयोगमा जोड दिएको छ ।

२. **वित्तीय संस्थाको भावी योजना**

२.१ आ.व.२०७५/०७६ मा संस्थाको चुक्ता पुंजीमा समय सापेक्ष वृद्धि गर्ने साथै यस वित्तीय संस्थाले राष्ट्रिय स्तरको स्वीकृति प्राप्त गरिसकेकोले भौगोलिक क्षेत्र अनुसार शाखा तथा उपशाखा कार्यालय विस्तारमा जोड दिने र चालु आ.व. भित्र १०५ वटा शाखाबाट १,२१,९३६ सदस्यहरुलाई लघुवित्त सेवा पुऱ्याइने लक्ष्य राखेको छ ।

२.२ आ.व.२०७५/७६ मा लगानीमा रहेको कर्जा रकम ३ अर्ब ८३ करोड रुपैया र बचत संकलन रकम १ अर्ब ३३ करोड पुऱ्याउने लक्ष्य राखेको छ ।

२.३ आ.व.२०७५/७६ मा सफ्टवेयरको गुणात्मक विकास र उच्चतम उपयोग गरी Mobile Banking, Tablet Banking, S.M.S. Banking, Notification, Web Statement हेर्ने व्यवस्थालाई अझ प्रभावकारी बनाई आधुनिक प्रविधिको प्रयोग गरिने छ ।

२.४ आ.व.२०७५/७६ मा हाल सञ्चालनमा रहिरहेको ग्रामीण पद्दति (Gramin Bank Model) को साथै स्वावलम्वी समूह (Self Reliance Group) निर्माण गर्ने र वित्तीय संस्थाप्रति सकारात्मक सोच भएका समूह सदस्यलाई परिचालन गरी स्थानीय समुदायसँगको सहकार्यमा सेवाको विस्तार गरिने छ ।

२.५ आ.व.२०७६/७६ मा कर्जा र बचतका Product हरु थप गर्ने, सामाजिक सुरक्षणका कार्यक्रम थप गरेर स्थानीय तहको आवश्यकता अनुसारको सेवा प्रदान गरिने छ ।

२.६ आ.व.२०७५/७६ मा वित्तीय संस्थालाई थप सवल बनाउनको लागि पुँजी वृद्धिको योजना रहेको छ ।

३. वित्तीय संस्थाले मूख्य सरोकारवालाहरू (Stakeholders) को आवश्यकता, चाहना र अपेक्षालाई समेट्ने क्रममा निम्न बमोजिमका कार्यहरु गर्ने/गराउने छ ।

३.१ ग्राहक सदस्यको चाहना र आवश्यकता अनुसारको कर्जा, बचत तथा अन्य सेवालाई दीर्घकालसम्म प्रदान गरी उनीहरूको सहयोगी तथा आफन्त संस्थाको रुपमा रहने,

३.२ कर्मचारी वर्गको उत्पादकत्व बढाउन उत्साहित अवस्थामा राख्ने र समयसापेक्ष सुविधा थप गर्ने,

३.३ शेयरधनीहरूलाई लगानीको उचित प्रतिफल उपलब्ध गराउने,

३.४ सामाजिक उत्तरदायित्व प्रति सचेत रही यस क्षेत्रमा अग्रसर रहने ।

**(घ) वित्तीय संस्थाको औद्योगिक तथा व्यवसायिक सम्बन्ध**

यस वित्तीय संस्थाको नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लगायतका नियामक निकाय र अन्य निकायसँग सुमधुर सम्बन्ध रही आएको छ । सरकारी-गैरसरकारी संस्था र बैंक तथा वित्तीय संस्थाहरु लगायतका सम्पूर्ण सरोकारवालाहरुसँग सौहार्दपूर्ण सम्बन्ध कायम राख्दै सहकार्य गर्दै आईरहेको छ । वित्तीय संस्थाले सक्षम यु के एड, उन्नती युनसिडिएफ, विनरक इन्टरनेशनल र आर्क फाइनान्ससँगको सहकार्यमा वित्तीय पहुँच विस्तारको लागि विभिन्न उत्पादित

वस्तुको वजार विस्तारसँग सम्बन्धित कार्यक्रम र नविकरणीय उर्जा प्रर्वद्धन कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। यी र यस्तै प्रकारका भविष्यमा हुने थप सम्बन्धले वित्तीय संस्थाको भविष्यमा फलदायी नतिजा निस्कने अपेक्षा गरिएको छ।

**(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण**

१. आ.व. २०७४/०७५ मा सञ्चालक समितिको व्यवस्था यस प्रकार रहेको थियो :

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री उत्तम भ्लोन | अध्यक्ष |
| २ | श्री गोविन्द घिमिरे | प्रतिनिधि- एनएमबि बैंक लि |
| ३ | श्री दिनेश दुलाल | प्रतिनिधि- एनएमबि बैंक लि |
| ४ | श्री रोमणी प्रसाद पाठक | प्रतिनिधि- एनएमबि बैंक लि |
| ५ | श्री रामगोपाल पराजुली | सञ्चालक- सर्वसाधारण |
| ६ | श्री मिम वहादुर हमाल | सञ्चालक- सर्वसाधारण |
| ७ | श्री अच्युतदत्त पाण्डे | स्वतन्त्र सञ्चालक |

आ.व. २०७४/७५ मा सञ्चालक समितिमा कुनै हेरफेर भएको छैन।

**(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू**

१. बाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थावाट थोक रुपमा उपलब्ध हुँदै आएको विपन्न वर्गको व्याजदरमा हुने उतार चढावले पनि लागतमा असर परी समिक्षा वर्षको मुनाफामा समेत असर पर्ने गरेको छ।

२. देशमा भइरहेको अस्थिर राजनैतिक वातावरण, मूल्यवृद्धि, मौद्रिक तथा वित्तीय नीति लगायत अप्रत्यासित रुपमा हुने नीतिगत परिवर्तन एवं निर्देशनवाट संस्थाको कारोवारलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पार्ने कारकको रुपमा रहेका छन्।

३. लघुवित्त सेवाको कारोवार सहकारी ऐन, वित्तीय मध्यस्थता ऐन र बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन अन्तर्गत सञ्चालन भैरहेको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐनको अधिनमा रही क वर्ग, ख बर्ग, ग वर्गका बैंक तथा वित्तीय संस्थाहरु र घ वर्गका वित्तीय संस्थाहरुले सञ्चालन गर्ने लघुवित्त सेवाको प्रकृया, कर्जाको आकार र उपलब्ध अन्य बैंकिङ सेवा सुविधाहरुमा पनि फरक पर्ने भएकाले कार्यक्षेत्रमा यसका असर देखिन्छन्।

४. दुर्गम जिल्लाको जनसंख्या तथा जटिल भू-बनोटले गर्दा अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने भएकाले उक्त स्थानमा कार्यरत संस्थालाई राज्यवाट कर छुटको व्यवस्था नभएतापनि नेपाल राष्ट्र बैंकवाट सहुलियत कर्जाका नीतिगत व्यवस्था आइसकेकोले दुर्गम क्षेत्रमा सेवा विस्तार भैरहेको देखिन्छ।

५. वित्तीय संस्थाको कारोवारमा पर्नसक्ने असरका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी व्यवस्थापन तथा सेवासुविधा समिति र व्यवस्थापन पक्ष चनाखो रही सम्भावित हानी नोक्सानी कम गर्न प्रतिबद्ध रहेको छ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सोको उपर संचालक समितिको प्रतिक्रिया**

वित्तीय संस्थाको नियमित कार्यसम्पादनका क्रममा भएका सामान्य कमी कमजोरी बाहेक नेपाल राष्ट्र बैंकको नीति निर्देशन, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपालको प्रचलित कानुन विपरीतका कार्य गरेको गम्भीर प्रकृतिका टिप्पणीहरू लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको छैन।

**(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७५/०७/२९ मा बसेको बैठकले शेयरधनीहरुलाई २०७५ साल आषाढ मसान्तको सञ्चित मुनाफा तथा कोषबाट चुक्ता पुँजी रु.१४,०८,७५,०००/- (अक्षरेपि चौध करोड आठ लाख ७५ हजार मात्र) को १५ प्रतिशतले हुन आउने रकम रु. २,११,३१,२५०/- (अक्षरेपि दुई करोड एघार लाख एकतिस हजार दुई सय पचास मात्र) लाई वोनश शेयरको रुपमा र वोनश शेयर बापत लाग्ने कर प्रयोजनको लागि आवश्यक रकम रु. ११,१२,१७१ (अक्षरेपि एघार लाख बाह्र हजार एक सय एकहत्तर मात्र) लाई नगद लाभांश वितरण गर्न सिफारिस गरेको छ।

**(झ) कम्पनी ऐन(पहिलो संशोधन), २०७४ को दफा १०९ को उपदफा ४ सँग सम्बन्धित सञ्चालक समितिको संक्षिप्त प्रतिवेदन**

कम्पनी ऐन(पहिलो संशोधन), २०७४, को दफा १०९ को उपदफा ४ सँग सम्बन्धित विवरणहरुलाई यसै प्रतिवदेनको अंगको रुपमा अनुसूची (१) मा प्रस्तुत गरिएको छ।

**(ञ) अन्य आवश्यक कुराहरू**

**१. लेखापरिक्षकको नियुक्ति**

नेपाल राष्ट्र बैंकबाट स्वीकृत लेखापरीक्षकहरुको सूचीमा रहेका लेखापरीक्षक श्री एल.एस.पि. एसोशिएट्स चार्टर्ड एकाउण्टेण्ट्सले वित्तीय संस्थाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण कार्य सम्पन्न गर्नुभएको छ। कम्पनी ऐनको दफा १११ बमोजिम चालु आर्थिक वर्ष २०७५/७६ को बाह्य लेखापरीक्षण, ट्याक्स अडिट, तथा कम्पनी ऐन दफा ७८ बमोजिमको विवरण प्रमाणीत गर्न समेतको कार्य गर्नको लागि NBSM & Associates लाई नियुक्त गर्न र निजको पारिश्रमिक कर बाहेक रु.१,२५,०००/- (अक्षेरुपी : एक लाख पच्चिस हजार मात्र) तथा यातायात खर्च (पार्टनर लेखापरीक्षकलाई हवाई यातायात भाडा खर्च र सहायक लेखापरिक्षक लाई बस भाडा खर्च) र दैनिक भ्रमण भत्ता पार्टनर् लेखापरीक्षकलाई रु. २२००।०० प्रतिदिन र सहायक लेखापरीक्षकलाई रु

१४००।०० प्रति दिन प्रदान गर्ने गरि नियुक्तिका शर्तहरु निर्धारण गरी लेखापरिक्षण समितिबाट सिफारिस भएको छ। लेखापरीक्षकको नियुक्ति सम्बन्धी प्रस्ताव स्वीकृतिका लागि यहाँहरु समक्ष पेश गरिएको छ।

२. **संस्थागत सुशासन**

संस्थागत सुशासनलाई बोलीमा मात्र सीमित नभई व्यवहार र दैनिक क्रियाकलापमा लागु गर्नुपर्छ भन्नेमा वित्तीय संस्था स्पष्ट रही संस्थागत सुशासनको स्तरलाई उच्च राख्ने कुरामा कटिबद्ध रहेको छ। वित्तीय संस्थाले सञ्चालन गरेका क्रियाकलापहरू पारदर्शी एवं नियम सगत छन् र नेपाल राष्ट्र बैंक तथा अन्य नियामक निकायबाट समय समयमा जारी भएका नीति निर्देशनलाई सजग भई पालना गरेको छ।

३. **संस्थागत सामाजिक उत्तरदायित्व**

वित्तीय संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत संस्थामा आवद्ध भएका महिला दिदिबहिनीहरुलाई सुत्केरी स्याहार, एकाघर परिवारको मृत्यु भएमा, दैवी प्रकोपबाट सदस्य तथा कर्मचारीको घर पूर्णरुपमा क्षति भएमा राहात प्रदान गर्ने उद्देश्यले "बचत तथा कोष परिचालन निर्देशिका २०७२" अन्तर्गत सामाजिक सुरक्षण कोषबाट सहयोग गरी सामाजिक उत्तरदायित्व वहन गरिएको छ। त्यस बाहेक स्थानीय स्तरमा भए गरेका महोत्सव तथा प्रतियोगिताहरुमा आर्थिक सहयोग गरी आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व पनि वहन गरिरहेको छ। साथै आ.व.२०७४/०७५ को खुद नाफा रकमको १ प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्ने गरी कोष खडा गरी राखेको छ।

४. **मानव संशाधन**

वित्तीय संस्थाले कर्मचारीहरूलाई थप सशक्त, संस्थागत, गुणस्तर सहितको नतिजामुखी बनाउन, वर्तमानमा कर्मचारीको सेवा सुरक्षा र भविष्यको सुनिश्चितता प्रदान गर्दै मानव संसाधनलाई व्यवस्थित गरेको छ। कर्मचारी सेवा विनियमावलीको व्यवस्थाको अधिनमा रही परीक्षणकालीन कर्मचारीलाई अस्थायी र अस्थायी कर्मचारीलाई स्थायी गर्ने तथा वार्षिक कार्य मूल्यांकनको आधारमा नोकिएको दरवन्दी भित्र रहने गरी कर्मचारीको पदोन्नती गर्ने तथा वार्षिक कार्य मूल्यांकनको आधारमा ग्रेड प्रदान गरी मानव संशाधनलाई सशक्त बनाइएको छ। साथै वित्तीय संस्थाले आफ्नो श्रोत र साधनमा मानव संशाधनको समय र परिवेश अनुसार परिचालन गर्न दक्षता र प्रविधिमा अभिवृद्धि गर्नको लागि विभिन्न आन्तरिक तथा बाह्य तालिमहरुको सञ्चालन गर्दै आईरहेको छ।

५. **सम्बन्धित पक्ष विवरण**

यस वित्तीय संस्थाले आफ्नो सञ्चालक समितिको वित्तीय स्वार्थ भएको कुनै पनि पक्षसंग वित्तीय कारोवार गरेको छैन। सञ्चालक तथा कार्यकारी प्रमुखको विवरण र निजहरूलाई उपलब्ध गराइएको सुविधा यसै प्रतिवेदनको अनुसूची -१ मा उल्लेख गरिएको छ।

६. धन्यवाद ज्ञापन

यस वित्तीय संस्थाको उन्नतिको लागि बहुमूल्य योगदान पुऱ्याउनु हुने वित्तीय संस्थाका ग्राहकसदस्य महानुभावहरु, शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, एनएमबि क्यापिटल लिमिटेड, आन्तरिक राजश्व कार्यालय लगायत अन्य निकायका पदाधिकारीहरु, वित्तीय संस्थालाई कर्जा तथा बैंकिङ सुविधा उपलब्ध गराउने एनएमबि बैंक लगायतका अन्य बैंक तथा वित्तीय संस्थाहरु, गैरसरकारी संस्थाहरु, पत्रकार मित्रहरु र अन्य सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु। वित्तीय संस्थाको उन्नति र प्रगतिमा पुऱ्याउनु भएको योगदानका लागि यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत लगायतका सम्पूर्ण कर्मचारीहरु प्रति धन्यवाद व्यक्त गर्दछु। साथै यस वार्षिक साधारण सभा सफलतापूर्वक संचालन गर्नका लागि ह्वाइट हाउसले आफ्नो हल उपलब्ध गराई सहयोग गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनहरूमा पनि विगतमा झैं सबै क्षेत्रबाट यस वित्तीय संस्थाको प्रगतिका लागि अझ बढी सहयोग, सदभाव र हौसला प्रदान गरिदिनु हुनेछ भन्ने अपेक्षा राखेको छु।

धन्यवाद।

सञ्चालक समितिका तर्फबाट
उत्तम भ्लोन
(अध्यक्ष)

अनुसूची (१)

**कम्पनी ऐन (पहिलो संशोधन), २०७४ को दफा १०९ को उपदफा ४ सँग सम्बन्धित थप विवरण**

**१. शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर वापत रकम फिर्ता गरेको भए सोको विवरण :**

❖ शेयर जफत भएको छैन ।

**२. विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन**

❖ वित्तीय संस्थाले गरेको प्रगतिका बारेमा यसै प्रतिवेदनको विभिन्न बुँदाहरूमा प्रस्तुत गरिएको छ । यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन ।

**३. कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन**

❖ वित्तीय संस्थाले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन मूल प्रतिवेदनमा समावेश गरिएको छ । यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन ।

**४. विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी**

❖ वित्तीय संस्थामा श्री एनएमबि बैंक लिमिटेड र श्री उत्तम भ्लोन आधारभूत शेयरधनी हुनुहुन्छ । आधारभूत शेयरधनीहरूबाट सञ्चालक समिति, व्यवस्थापन र कर्मचारीलाई मार्गदर्शन एवं हौसला मिलेको छ ।

**५. विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी**

५.१ सञ्चालकहरुको शेयर स्वामित्व विवरण

| क्र. सं. | नाम, पद | शेयर स्वमित्व |
|---|---|---|
| १ | श्री उत्तम भ्लोन, अध्यक्ष | १७४,३३२ कित्ता शेयर |
| २ | श्री गोविन्द घिमिरे, प्रतिनिधि-एनएमबि बैंक लि. | संस्थागत ७१८,४६२ कित्ता शेयर |
| ३ | श्री दिनेश दुलाल, प्रतिनिधि-एनएमबि बैंक लि. | क्र.सं.२ बमोजिमको कित्ता शेयर |
| ४ | श्री रोमणी प्रसाद पाठक, प्रतिनिधि-एनएमबि बैंक लि. | क्र.सं.२ बमोजिमको कित्ता शेयर |
| ५ | श्री रामगोपाल पराजुली-सर्वसाधारण शेयरधनी | २५३ कित्ता शेयर |
| ६ | श्री मिम बहादुर हमाल-सर्वसाधारण शेयरधनी | २८२ कित्ता शेयर |
| ७ | श्री अच्युत दत्त पाण्डे-विशेषज्ञ सञ्चालक | - |

५.२ वित्तीय संस्थाबाट सर्वसाधारणको शेयर निष्काशन भए पश्चात व्यवस्थापन पदाधिकारीसँग कर्मचारी शेयरको स्वामित्व रहेको छ ।

**६. विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा**

❖ वित्तीय संस्थासँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजका आफन्तको व्यक्तिगत स्वार्थ रहेको छैन ।

**७. कम्पनीले आफ्नो शेयर आफैले खरीद गरेको भए त्यसरी आफ्नो शेयर खरीद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरीद गरेवापत कम्पनीले भुक्तानी गरेको रकम**

❖ यस अवधिमा कम्पनीले आफ्नो शेयर आफैले खरीद गरेको छैन ।

**८. आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण**

८.१ नीति तथा विनियमावली : वित्तीय संस्थाले व्यवसायमा निहित जोखिमलाई न्यून गर्ने तथा आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउन नेपाल राष्ट्र बैंकले समय समयमा जारी गरेका नीति तथा निर्देशनको अधिनमा रहेर आवश्यक नीति, नियम र विनियमावली बनाई लागू गर्दै आएको छ ।

८.२ लेखापरीक्षण समिति : वित्तीय संस्थामा गैर कार्यकारी सञ्चालकको मातहतमा एउटा लेखापरीक्षण समिति गठन गरिएको छ । यस समितिले वित्तीय संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी वित्तीय संस्थाको व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरेको छ । वित्तीय संस्थाका आन्तरिक र

वाह्य लेखापरीक्षकहरूले सो समितिमा सिधै पहुँच राखेका छन् । निजहरूले पेश गर्ने प्रतिवेदन र यस समितिको प्रतिवेदन उपर वित्तीय संस्थाको सञ्चालक समितिले विस्तृत छलफल गर्ने गरेको छ । राष्ट्र बैंकले तोके बमोजिम समितिको प्रमुख उत्तरदायित्व हुने गरी समितिले कार्य संचालन गरिरहेको छ ।

८.३ जोखिम व्यवस्थापन समिति : वित्तीय संस्थामा गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा जोखिम व्यवस्थापन समिति गठन गरिएको छ । लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य रहेको छ । नेपाल राष्ट्र बैंकले तोकेबमोजिम यस समितिको काम, कर्तव्य र अधिकार हुने गरी कार्य संचालन गरिरहेको छ ।

८.४ कर्मचारी व्यवस्थापन र सेवा सुविधा समिति : सञ्चालक समितिले गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा कर्मचारी व्यवस्थापन र सेवा सुविधा समिति गठन भएको छ । राष्ट्र बैंकले तोकेबमोजिम यस समितिको काम कर्तव्य र अधिकार हुने गरी यस समितिले कार्य संचालन गरिरहेको छ ।

## ९. विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण

- आर्थिक वर्ष २०७४/७५ को व्यवस्थापन खर्च रु.१५,३०,५२,०१९।- रहेको छ जसमध्ये कर्मचारी खर्च रु. १०,६१,०५,५४६।- र अन्य सञ्चालन खर्च रु.४,६९,४६,४७३।- रहेको छ ।

- प्रबन्धकहरु (१ जना सहायक महाप्रबन्धक, १ जना नायब प्रवन्धक र १ जना सहायक प्रबन्धक) लाई भुक्तान गरिएको पारिश्रमिक, भत्ता, बोनस तथा अन्य सुविधाको रकम रु.२६,९२,८३४।- रहेको छ ।

## १०. लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण

- वित्तीय संस्थाको आर्थिक प्रशासन विनियमावलीको दफा ५६ (१) अनुसार गठित लेखापरीक्षण समिति गैरकार्यकारी संचालक श्री दिनेश दुलालको संयोजकत्वमा लेखापरिक्षण विभागका प्रमुख रहने गरी लेखापरीक्षण समितिको गठन गरिएको छ । लेखापरीक्षण समितिमा कार्य गरेवापत कुनै भत्ता प्रदान गरिएको छैन तर आन्तरिक लेखापरीक्षण गर्न जाँदा लेखापरीक्षक लाई वित्तीय संस्थासँगको सम्झौता अनुसारको दैनिक भ्रमण भत्ता प्रदान गरिएको छ । त्रैमासिक रुपमा बस्ने यस समितिको बैठकमा आन्तरिक लेखापरीक्षकको प्रतिवेदन र आगामी त्रैमासको कार्य योजना तय गर्ने गरिएको छ ।

## ११. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा

- सो नभएको ।

## १२. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम

- आ.व. २०७४/०७५ मा बैठक नं. ६३ देखि ७४ सम्म गरी १२ वटा बैठक भएकोमा सञ्चालक समितिका पदाधिकारीहरुलाई बैठक भत्ता वापत रु.१७३,०००।- भुक्तानी गरिएको छ ।

- आ.व. २०७४/०७५ को अवधिमा मिति २०७५/०१/०९ सम्म प्रमुख कार्यकारी अधिकृत श्री तिर्थरत्न कोनाजो हुनुहुन्थ्यो निजलाई मासिक रुपमा तलब स्केल रु.१,२०,०००।- र भत्ता रु.३०,०००।- गरी मासिक तलव भत्ता रु.१,५०,०००।- प्रदान गरिएको, वार्षिक बिदाको रु. १,२०,०००।-, दशैंभत्ता रकम रु.१,५०,०००।-, गरि उक्त अवधिमा कुल तलब भत्ता जम्मा रु. १५,२६,६७४।- र आवास सुविधा अन्तर्गत संस्थाले घरधनीलाई भुक्तानी गरेको घरभाडा रु. १,५०,०००।-, प्रदान गरिएको छ भने मिति २०७५/०१/१० गते देखि प्रमुख कार्यकारी अधिकृत पदमा श्री फनिलाल चौधरी रहनुभएको छ र निजलाई उक्त अवधिमा मासिक रुपमा तलब स्केल रु.१,५०,०००।- र भत्ता रु.५०,०००।- गरी मासिक तलव भत्ता रु.२,००,०००।- प्रदान गरिएको छ भने उक्त अवधिमा जम्मा कुल तलव भत्ता वापत रु. ५,४१,९३४।- र आवास सुविधा अन्तर्गत संस्थाले घरधनीलाई भुक्तानी गरेको घरभाडा रु.५०,००१, प्रदान गरिएको छ ।

## १३. शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम

- सो नभएको ।

## १४. दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण

- कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम लेखापरिक्षण भएको पछिल्लो वार्षिक आर्थिक विवरणमा उल्लेख भएको आफ्नो सम्पत्तिको १५ प्रतिशत भन्दा बढी हुने गरि कुनै पनि सम्पत्ति खरिद नभएको र पछिल्लो हिसाव किताबमा उल्लेख भएको कर तिर्नु भन्दा अगाडीको मुनाफाको १५ प्रतिशत भन्दा बढी हुने गरी कुनै सम्पत्ति बिक्री गरी आन्दानी गरेको छैन ।

१५. **दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण**

❖ यो वित्तीय संस्था एनएमबि बैंक लिमिटेडको सहायक कम्पनी हो जसको यसमा कुल शेयरमध्ये ५१ प्रतिशत शेयर स्वामित्व रहेको छ । यस वित्तीय संस्थाको एनएमबि बैंक र एनएमबि क्यापिटल (एनएमबि बैंकको पूर्ण स्वामित्व भएको कम्पनी) सँगको सम्बन्धित पक्षबीचका कारोबार निम्नबमोजिम छन् ।

| क्र.स. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | एनएमबि बैंकको लगानी | ७१,८४६,२५० |
| २ | एनएमबि बैंकबाट लिएको सापटि | ५००,०००,००० |
| ३ | एनएमबि बैंकलाई गरेको ब्याज भूक्तानि | ४१,२२७,३९७ |
| ४ | शेयर रजिष्ट्रारको खर्चवापत एनएमबि क्यापिटललाई तिरेको | ५३६,७११ |
| ५ | एनएमबि बैंकमा रहेका मौज्दात | ५,१९१,८९३ |
| ६ | एनएमबि बैंकबाट प्राप्त गरेको ब्याज तथा कमिशन आम्दानी | ७२७,९६३ |

१६. **यस ऐन तथा प्रचलित कानूनबमोजिम सन्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा**

❖ सबै कुरा माथि प्रतिवेदनमा खुलाईएको छ ।

१७. **अन्य आवश्यक कुराहरु**

सो नभएको ।

एल. एस. पि. एसोशिएट्स्
L.S.P. ASSOCIATES
Chartered Accountants

एनएमबि माईकोफाईनान्स वित्तिय संस्था लिमिटेड
पोखरा २५, कास्कीका
शेयरधनि महानुभावहरु समक्ष

**लेखा परीक्षकको प्रतिवेदन**

हामीले एनएमबि माईकोफाईनान्स वित्तिय संस्था लिमिटेडको यसै साथ संलग्न २०७५ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७४।७५ को आय विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरुको लेखा परीक्षण सम्पन्न गरेका छौं ।

**वित्तीय विवरणहरु उपर व्यवस्थापनको उत्तरदायित्व**

वित्तीय विवरणहरु नेपाल लेखामान अनुसार तयार एवं उचित प्रस्तुतिको उत्तरदायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ । जालसाजी वा त्रुटीका कारणले हुने सारभुत त्रुटिरहित वित्तिय विवरणहरु तयारी एवं उचित प्रस्तुतिका निम्ति उचित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन एवं संचालन गर्ने उचित लेखा नीतिहरु चयन एवं कार्यान्वयन गर्ने तथा परिस्थितिजन्य लेखा सम्बन्धि अनुमान गर्ने दायित्व पनि व्यवस्थापनको हो ।

**लेखा परीक्षकको उत्तरदायित्व**

लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । सो लेखापरीक्षण मान अनुसार वित्तीय विवरणहरु सारभुत रुपमा त्रुटी रहित छ भन्ने कुरामा उचित रुपमा आश्वस्त हुनको लागी लेखापरीक्षण गर्दा नैतिक आवश्यकताको परिपालना तथा लेखापरीक्षण योजना तयार गरी लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

लेखापरिक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकमहरु तथा खुलाइएका कुराहरुको लेखापरिक्षणका प्रमाण प्राप्ती गर्ने कार्यविधिहरु सम्पादन गर्नु पर्दछ । यसरी छनौट गरिएका कार्यविधिहरु लेखापरिक्षकको व्यवसायिक विवेक तथा वित्तीय विवरणहरु सारभुत रुपमा जालसाजी वा त्रुटीका कारणले हुन सक्ने त्रुटिपुर्ण प्रस्तुतिको जोखिम मुल्यांकनमा निर्भर हुन्छ । उक्त जोखिम मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथी राय व्यक्त गर्ने उद्देश्यले नभई सो अवस्थामा उपयुक्त हुने लेखा परीक्षण कार्यविधिको तर्जुमा गर्नको लागि लेखापरिक्षकले निकायको वित्तीय विवरणको तयारी र सहि प्रस्तुतिकरण संग सम्बन्धित आन्तरिक नियन्त्रणको मनन गर्दछ । व्यवस्थापनले प्रयोग गरेको लेखानीतिको उपयुक्तता तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टीगत प्रस्तुतिकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

हामीले प्राप्त गरेका लेखा परीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागी पर्याप्त र उपयुक्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं ।

**हाम्रो रायमा**

१. माग गर्दा वित्तिय संस्थाले उपलब्ध गराएको हरहिसावको विवरण सन्तोषजनक छ ।

२. वित्तिय संस्थाको हिसाव किताव प्रचलित कानुन तथा प्रचलन अनुसार राखेको देखिन्छ ।

३. संलग्न वासलात, नाफा नोक्सान हिसाब कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा नेपाल राष्ट्र बैंकको निर्देशानुसार छन र वित्तिय संस्थाले राखेको हिसाव किताव र अभिलेख संग दुरुस्त रहेका छन ।

४. वित्तिय संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशानुसार राख्नु पर्ने पुंजीकोष कायम गरेको छ ।

५. वित्तिय संस्थाको वित्तिय विवरण नेपाल वित्तिय प्रतिवेदन मान (Nepal Financial Reporting Standards, NFRS) अनुरुप तयार गर्नु पर्ने प्रावधान रहेको भयेपनि वित्तिय संस्थाको वित्तिय बिवरण नेपाल वित्तिय प्रतिवेदन मान अनुरुप तयार गरेको छैन ।

६. हामीलाई प्राप्त सुचना तथा उपलब्ध गराईएको जानकारीहरुको आधारमा एवं यसै साथ संलग्न लेखा सिद्धान्त तथा लेखा टिप्पणीहरु साथै अध्ययन गर्दा माथी बुदा नं ५ मा उल्लेख भएको तत्थ्यले पार्ने असर बाहेक
   क) वासलातले २०७५।३।३२ गतेको आर्थिक स्थिति,
   ख) नाफा नोक्सान हिसावले २०७५।३।३२ मा समाप्त आर्थिक वर्षको कारोवारको नतीजा र
   ग) नगद प्रवाह हिसावले २०७५।३।३२ मा समाप्त आर्थिक वर्षको नगद प्रवाह को यथार्थ तथा उचित चित्रण गर्दछ ।

एलएसपि एसोसिएट्स, ललितपुर — LSP ASSOCIATES

Member of msi Global Alliance
Independent Legal & Accounting Firms

Jwagal, Kopundole, Lalitpur, Nepal.
P. O. Box No 9222, Kathmandu, Nepal
Tel : +977 1 5550424
Fax :+977 1 5261887
Web www.lspa.com.np
Email info@lspa.com.np

**L.S. P. Associates**
Chartered Accountants

६. वित्तिय संस्थाले आफनो कारोवार वित्तिय संस्था तथा निक्षेपकर्ताहरुको हितलाई ध्यानमा राखेर गरेको छ ।

७. नेपाल राष्ट्र बैंकको निर्देशानूसार वित्तिय संस्थाले प्रवाह गरेको कर्जा तथा सापटमा जोखिम व्यहोर्ने कोषमा आवश्यक रकमको व्यवस्था गरेको छ ।

८. वित्तिय संस्थाले आफनो अख्तियारी भित्र रही नेपाल राष्ट्र बैंकको निर्देशानुसार कारोबार गरेको देखिन्छ ।

९. शाखा कार्यालयबाट प्राप्त बिवरण लेखापरिक्षणका लागी पर्याप्त रहेका छन ।

१०. हामीले परीक्षण गरेको हिसाब किताब तथा प्राप्त जानकारीहरुबाट वित्तिय संस्थाका कुनै संचालक तथा कर्मचारीहरुले कानुन बिपरीत वा वित्तिय संस्थालाई हानी नोक्सानी हुने कार्य गरेको देखिन आएको छैन ।

मिति २०७५।७।२९
ललितपूर

सि ए सतिश चन्द्र लाल
साझेदार

## एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लि.

पोखरा २५, कास्की

## वासलात

२०७५ साल आषाढ मसान्त

| पुँजी तथा दायित्व | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. शेयर पुँजी | ४.१ | १६२,००६,२५० | १४०,८७५,००० |
| २. जगेडा तथा कोषहरु | ४.२ | ८६,६९३,५६२ | ७६,२३०,५७२ |
| ३. ऋणपत्र तथा बन्ड | ४.३ | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ४.४ | १,६८२,०८१,८९८ | १,४८५,५८३,०५१ |
| ५. निक्षेप दायित्व | ४.५ | ६९६,५२८,६५३ | ४०४,१७१,९८४ |
| ६. प्रस्तावित लाभांश | | १,११२,१७१ | १,४८२,८९५ |
| ७. आयकर दायित्व | | २४२,७८७ | ३८७,६३७ |
| ८. अन्य दायित्व | ४.६ | ४५,९२७,८७१ | ४०,३२२,९४५ |
| **कुल पुँजी तथा दायित्व** | | **२,६७४,५९३,१९२** | **२,१४९,०५४,०८४** |

| सम्पत्ति | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. नगद मौज्दात (सिक्का समेत) | | १६,४५१ | ७,३५० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | २४,२३०,००० | ९,७३०,००० |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.७ | ४४७,८६९,९६१ | ३२०,६३३,६३४ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | | - | - |
| ५. लगानी | ४.८ | २,०००,००० | २,०००,००० |
| ६. कर्जा सापट | ४.९ | २,१६७,४९०,८१२ | १,७९७,१३७,०६८ |
| ७. स्थिर सम्पत्ति | ४.१० | २१,१७७,९८१ | ११,५४१,७५९ |
| ८. गैर बैकिङ्ग सम्पत्ति | ४.११ | - | - |
| ९. अन्य सम्पत्ति | ४.१२ | ११,८०७,९८६ | ८,००४,२७३ |
| **कुल सम्पत्ति** | | **२,६७४,५९३,१९२** | **२,१४९,०५४,०८४** |

| | |
|---|---|
| सम्भावित दायित्व | अनुसूची ४.१३ |
| सञ्चालकहरुको घोषणा | अनुसूची ४.२३ |
| पुँजीकोष तालिका | अनुसूची ४.२४ |
| जोखिम भारित सम्पत्ति विवरण तालिका | अनुसूची ४.२४(क) |
| प्रमुख सुचकाङ्कहरु | अनुसूची ४.२५ |
| प्रमुख लेखा नीतिहरु | अनुसूची ४.२६ |
| लेखा सम्बन्धी टिप्पणीहरु | अनुसूची ४.२७ |

४.१ देखि ४.१२ सम्मका अनुसूचीहरु वासलातका अभिन्न अङ्ग हुन् ।

कृष्ण प्रसाद गैह्रे
वित्त व्यवस्थापन प्रमुख

फनिलाल चौधरी
प्रमुख कार्यकारी अधिकृत

उत्तम भ्लोन
अध्यक्ष

हाम्रो आजको मितिको संलग्न
प्रतिवेदन अनुसार

प्रतिनिधिहरु, एनएमबि बैंक लि.

मिम बहादुर हमाल
सञ्चालक

रोमणी प्रसाद पाठक, सञ्चालक

रामगोपाल पराजुली
सञ्चालक

गोविन्द घिमिरे, सञ्चालक

दिनेश दुलाल, सञ्चालक

अच्युतदत्त पाण्डे
स्वतन्त्र सञ्चालक

सिए. सतिश चन्द्र लाल
नि. एल एस पी एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्ट्स
मिति:२०७५/०७/२९
स्थान:ललितपुर, नेपाल

# एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लि.

पोखरा २५, कास्की

## नाफा नोक्सान हिसाब

२०७४ साल श्रावण १ गतेदेखि २०७५ साल आषाढ मसान्तसम्म

| विवरण | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. व्याज आम्दानी | ४.१४ | ३७७,०५८,८९१ | २३८,७४४,५१६ |
| २. व्याज खर्च | ४.१५ | २११,४४४,३५५ | १०१,१०८,७७७ |
| **खुद व्याज आम्दानी** | | १६५,६१४,५३६ | १३७,६३५,७३९ |
| ३. कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४.१६ | ६६,२२५,०६३ | ५०,४०७,९५३ |
| ४. सटही घटबढ आम्दानी | | - | - |
| **कूल सञ्चालन आम्दानी** | | २३१,८३९,५९८ | १८८,०४३,६९२ |
| ५. कर्मचारी खर्च | ४.१७ | १०६,१०५,५४६ | ७०,३९४,६१० |
| ६. अन्य सञ्चालन खर्च | ४.१८ | ४६,९४६,४७३ | ३१,१७२,८४४ |
| ७. सटही घटबढ नोक्सान | | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | ७८,७८७,५७९ | ८६,४७६,२३७ |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरु | ४.१९ | ७१,०७८,७८१ | १५,३८०,०६४ |
| **सञ्चालन मुनाफा** | | ७,७०८,७९८ | ७१,०९६,१७३ |
| ९. गैर सञ्चालन आम्दानी/खर्च | ४.२० | ४८६,४२३ | २६८,१०० |
| १०. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ४.२१ | ४३,४७५,३३९ | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | | ५१,६७०,५६१ | ७१,३६४,२७३ |
| ११. असामान्य कारोवारहरुबाट भएको आम्दानी/खर्च | ४.२२ | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | ५१,६७०,५६१ | ७१,३६४,२७३ |
| १२. कर्मचारी बोनस व्यवस्था | | ४,६९७,३२४ | ६,४८७,६६१ |
| १३. आयकर व्यवस्था | | १४,२६६,८२५ | १९,४७३,७२५ |
| यस वर्षको कर व्यवस्था | | १५,२५३,२६२ | २०,४८३,९०९ |
| विगत वर्षसम्मको कर व्यवस्था | | - | - |
| यस वर्षको स्थगन कर (आम्दानी)/खर्च | | (९८६,४३७) | (१,०१०,१८४) |
| **खुद नाफा/नोक्सान** | | ३२,७०६,४१२ | ४५,४०२,८८७ |

४.१४ देखि ४.२२ सम्मका अनुसूचीहरु नाफा नोक्सान हिसावका अभिन्न अङ्ग हुन् ।

कृष्ण प्रसाद गैह्रे
वित्त व्यवस्थापन प्रमुख

फनिलाल चौधरी
प्रमुख कार्यकारी अधिकृत

उत्तम ब्लोन
अध्यक्ष

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

प्रतिनिधिहरु, एनएमबि बैंक लि.

भिम बहादुर हमाल
सञ्चालक

रोमणी प्रसाद पाठक, सञ्चालक

रामगोपाल पराजुली
सञ्चालक

गोविन्द घिमिरे, सञ्चालक

अच्युतदत्त पाण्डे
स्वतन्त्र सञ्चालक

दिनेश दुलाल, सञ्चालक

सिए. सतिश चन्द्र लाल
नि. एल एस पी एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्ट्स
मिति:२०७५/०७/२९
स्थान:ललितपुर, नेपाल

# एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लि.

पोखरा २५, कास्की

## नाफा नोक्सान बांडफांड हिसाब

२०७४ साल श्रावण १ गतेदेखि २०७५ साल आषाढ मसान्तसम्म

| विवरण | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| **आम्दानी** | | | |
| १. गत वर्षसम्मको सञ्चित मुनाफा | | ४३,३७०,१८१ | १२,२२८,४८२ |
| २. यस वर्षको मुनाफा | | ३२,७०६,४१२ | ४५,४०२,८८७ |
| ३. सटही घटबढ कोष | | - | - |
| ४. शेयर प्रिमियमबाट सारिएको | | १०,७६०,६१३ | २८,१७५,००० |
| जम्मा | | ८६,८३७,२०५ | ८५,८०६,३६८ |
| **खर्च** | | | |
| १. गत वर्षसम्मको सञ्चित नोक्सान | | - | - |
| २. यस वर्षको नोक्सान | | - | - |
| ३. साधारण जगेडा कोष | | ६,५४१,२८२ | ९,०८०,५७७ |
| ४. भैपरी आउने जगेडा | | - | - |
| ५. संस्था विकास कोष | | - | - |
| ६. लाभांश समीकरण कोष | | - | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | | - | - |
| ८. प्रस्तावित लाभांश | | १,११२,१७१ | १,४८२,८९५ |
| ९. प्रस्तावित बोनस शेयर | | २१,१३१,२५० | २८,१७५,००० |
| १०. विशेष जगेडा कोष | | - | 0 |
| ११. सटही घटबढ कोष | | - | - |
| १२. पुंजी फिर्ता जगेडा कोष | | - | - |
| १३. पुंजी समायोजन कोष | | - | - |
| १४. स्थगन कर जगेडा कोष | | ९८६,४३७ | १,०१०,१८४ |
| १५. ग्राहक संरक्षण कोष | | ३२७,०६४ | २,२३३,५०३ |
| १६. संस्थागत सामाजिक उत्तरदायित्व कोष | | ३२७,०६४ | ४५४,०२९ |
| जम्मा | | ३०,४२५,२६८ | ४२,४३६,१८८ |
| सञ्चित मुनाफा/(नोक्सान) | | ५६,४११,९३७ | ४३,३७०,१८१ |

कृष्ण प्रसाद गैह्रे
वित्त व्यवस्थापन प्रमुख

फनिलाल चौधरी
प्रमुख कार्यकारी अधिकृत

उत्तम ब्लोन
अध्यक्ष

हाम्रो आजको मितिको संलग्न
प्रतिवेदन अनुसार

भिम बहादुर हमाल
सञ्चालक

प्रतिनिधिहरु, एनएमबि बैंक लि.

रोमणी प्रसाद पाठक, सञ्चालक

रामगोपाल पराजुली
सञ्चालक

सिए. सतिश चन्द्र लाल
नि. एल एस पी एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्ट्स
मिति:२०७५/०७/२९
स्थान:ललितपुर, नेपाल

गोविन्द घिमिरे, सञ्चालक

अच्युतदत्त पाण्डे
स्वतन्त्र सञ्चालक

दिनेश दुलाल, सञ्चालक

# एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लि.

## पोखरा २५, कास्की

## नगद प्रवाह विवरण

२०७४ साल श्रावण १ गतेदेखि २०७५ साल आषाढ मसान्तसम्म

| | विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| **क.** | **कारोबार सञ्चालनबाट नगद प्रवाह** | **(३८,९५५,०८७)** | **(५८७,०८९,१३४)** |
| **१.** | **नगद प्राप्ति** | **४४३,७७०,३७७** | **२८९,४२०,५६९** |
| १.१ | ब्याज आम्दानी | ३७७,०५८,८९१ | २३८,७४४,५१६ |
| १.२ | अपलेखित कर्जाको असुली | - | - |
| १.३ | कमिशन तथा अन्य आम्दानी | ६६,७११,४८६ | ५०,६७६,०५३ |
| **२.** | **नगद भुक्तानी** | **३७६,४७१,२५४** | **२१९,१८४,०६६** |
